स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



लक्ष्मण रिजालको निर्देशन रहने चलचित्र 'काजी'को शुभमुहुर्त गरिएको छ। आगामी आइतबारदेखि स्याङ्जाबाट छायाँन सुरु हुने चलचित्रमा विपिन कार्की, केकी अधिकारी लगायतका कलाकारको अभिनय रहने छ। प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्म सोसल लभस्टोरी चलचित्रलाई रामप्रसाद रिजालले निर्माण गर्न लागेका हुन्। चलचित्रका लागि स्याङ्जामा एउटा गाउँको सेट नै निर्माण गरिएको छ।

**आजको विचार...**



तिज...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



'बोक्सीको घर' ब्लकबस्टर हिट भएपछि अभिनेत्री केकी अधिकारी व्यस्त हुनुहुन्छ। अब यही भदौ ६ गते उहाँको नयाँ चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागोहरू' प्रदर्शनमा आउँदैछ। चलचित्रमा केकीले मुख्य पात्र विजय बरालकी दिदीको भूमिका निभाउनुभएको छ।श्रीमान्को दमन सहेर पनि भाइको जीवन सहज होस् भन्ने चाहना बोकेर बस्ने पात्रमा उहाँ देखिनुभएको छ। 'सपना बोकेर काठमाडौं आएकी युवती परिस्थितिले त्यस्तो मोडमा पुगिछन्, जहाँ आफ्नै सपना बिर्सनुपर्छ।

❒ वर्ष ३१ ❒ अंक ३८ ❒ २०८२ भदौ ८ गते आइतबार 24 August 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### बस दुर्घटमा ५ को मृत्यु

(रासस/एएफपी)

**न्यूयोर्क**, भदौ ७/न्यूयोर्क राज्यको एक राजमार्गमा शुक्रबार पर्यटक बोकेको बस दुर्घटना हुँदा पाँच यात्रुको ज्यान गएको छ । चालकको ध्यान भंग भई नियन्त्रण गुमाउँदा बस दुर्घटनामा परेको प्रहरीको भनाइ छ । दुर्घटना बफेलो शहरबाट करिब ४० किलोमिटर पूर्वमा पेमब्रोक नजिकै भएको हो । पर्यटकहरू नियाग्रा जलप्रपातको भ्रमण सकेर न्यूयोर्क सहर फर्कंदै थिए । प्रहरीका अनुसार, बसमा रहेका यात्रुहरू भारत, चीन र फिलिपिन्स मूलका थिए । 'चालकको ध्यान केही समयका लागि अन्यत्र गएको, त्यसपछि गाडीको सन्तुलन गुमेको र सुधार गर्ने प्रयासमा गाडी झनै अनियन्त्रित भएर दुर्घटना भएको देखिन्छ," न्यूयोर्क राज्यका प्रहरी प्रमुख आन्द्रे रेले घटनास्थलमा जानकारी दिए । बसमा ५४ जना सवार थिए। प्रारम्भिक विवरणमा बालबालिकाको मृत्यु भएको भनिए पनि पछि त्यसको पुष्टि भएको छैन । बालबालिकाको ज्यान गएको छैन । छ जनाजना चिनियाँ नागरिक पनि बसमा सवार थिए । पाँच जनालाई सामान्य चोट लागेर उपचारपछि घर पठाइएको छ भने एक जना अझै उपचारमा छन् ।

# सडकमा तरकारी बेचेर मनग्य आम्दानी गर्दै महिला

## भन्छन् –'कहिले काही नगर सरकारले लखेटेर दु:ख दिन्छ'

**जगदीश भट्टराई**

**पाल्पा,** भदौ ७/तानसेन नगरपालिका- ११ बाझाकी ३८ वर्षीया राधिका खाँतीको दिन दुई घण्टा हिंडेर तरकारी लिएर तानसेन बजारमा बेच्नमै व्यस्त हुन्छ । दिनहुँ साँझपख बारीमा फलेको तरकारी टिपेर तयारी अवस्थामा राख्ने र भोलिपल्ट बिहानै ती तरकारीलाई बोरामा बोकेर बजारसम्म पुऱ्याएर बिक्री गर्ने उनको दिनचर्या नै बनेको छ ।

आफुले फलाएको तथा अन्य किसानबाट संकलन गरी उनले विभिन्न मौसमी तथा बेमौसमी तरकारी लिएर तानसेनको शितलपाटीस्थित सडक चोकमा खुला पसल गर्दै आएकी छन् । खाँतीले तरकारी बेचेरै मासिक लाखौं रुपैयाँ कमाउन थालेकी छिन् । मेहनत गरेमा किसानले आफ्नै बारीमा सुन फलाउन सक्छन् भन्ने उदाहरण उनी बनेकी छन् । लकडाउपछि शितलपाटी सडक नजिकैको मन्दिर आसपासमा बसेर खाँतीले ताजा तरकारी र फलफुल विक्री गर्ने गर्छिन् । उनले तरकारी विक्रीबाटै दैनिक दुई हजारदेखि पाँच हजारसम्म आम्दानी गर्न सफल भएकी छन् । तरकारी बिक्रिबाट भएको आम्दानीले उनले एक छोरा र एक छोरीलाई पढाउन सक्षम भएकी छन् । ४ जनाको परिवारलाई तरकारी बिक्रि गरेर राम्रैसँग पाल्न सकेको उनले बताइन् । खाँतीलाई श्रीमानले तरकारी संकलनमा दैनिक सहयोग गर्दै आएका छन् । बारीमा फलेको तरकारीलाई बजारसम्म ल्याएर बेच्न सुरुसुरुमा लाज लागेको उनले सुनाइन् । अहिले त उमेरले साथ दिएसम्म यही व्यापार गर्ने सोंच आएको खाँतीको भनाई छ । "सडक छेउमा बसेर त कहिले बजारमा डुलाएर बेच्न मलाई पहिला त लाज लागेको थियो । अहिले आफ्नो पेसा व्यापार हो भन्ने बुझेकी छु । अब सकुन्जेल यही काम गर्ने हो", राधिकाले भनिन् । उनका अनुसार अर्गानिक तरकारी किन्ने ग्राहकको यहाँ दैनिक भीड लाग्ने गर्दछ । प्राय: बजार गर्न आउने र अफिसबाट फर्कनेहरुले तरकारी किनेर लैजाने गरेको उनको भनाई छ । राधिकाले दिनभर घाम, पानी, चिसो, गर्मी केही नभनेर दिनभर तरकारी बेच्छिन् र साझापख घर फर्किन्छिन् । तरकारी बेच्न थालेदेखि आफु आत्मनिर्भर बनेको उनको भनाई छ । राधिका भन्छिन्, "महिलालाई आफूले कमाउने कुनै उपाय नभएको अवस्थामा अरूको भरमा बाँच्नुपर्दा जीवन अन्धकार जस्तो हुँदोरहेछ, श्रीमानसँग हुँदा त पैसा पाइन्थ्यो, नहुँदा यत्तिकै मन बुझाउनुपर्ने अवस्था थियो । अहिले तरकारी बेचेर आम्दानी गर्न थालेपछि आफ्नो खर्चका लागि अरूको भर पर्नु परेको छैन् ।" तरकारीबाट उनले कमाएको पैसाले बालबालिकालाई पढ्ने, स्कुल पोशाक, कापीकलम र नयाँ लुगाफाटो, घरखर्च, नुनतेल, चामलमा चलिरहेको छ । राधिकाले झैं आफ्नै बारीमा फलेको र अन्य कृषकहरुले उत्पादन गरेको तरकारी बेचेर कुरुंगखोलाकी जमुना बोहोराले पनि मनग्य आम्दानी गर्दै आएकी छन् । उनले विगत डेढ दशकले सडक पेटीमै तरकारी बेचेर घर खर्च चलाउँदै आएकी छन् । उनले पनि दैनिक एक हजारदेखि तीन हजारसम्म आम्दानी गर्छिन् । खाँती र बोहोरा जस्तै धेरै महिला तरकारी बेचेरै आत्मनिर्भर बन्दै गएका छन् ।



*शितलपाटीस्थित मन्दिर परिसरमा तरकारी विक्रीका लागि ग्राहकको प्रतिक्षामा राधिका खाँती।*

### 'नगर सरकारले लखेटेर दु:ख दिन्छ'

सडक पेटीमा बसेर साना व्यवसायीहरुले तकारी बेचेर गर्जो टार्दै आए पनि तानसेन नगर सरकारले भने कहिले काही दु:ख दिने गरेको गुनासो गर्ने गरेका छन् । राधिका खातीले आफु जस्ता पेटीमा बसेर सानो व्यवसाय गर्दै आएकाहरुलाई स्थानीय सरकारले सहयोग गर्नु पर्नेमा बेला-बेलामा आएर लखेट्ने र दु:ख दिने काम गर्ने गरेको बताइन् । उनले भनिन् 'मैले बाझाबाट स्थानीय उत्पादन विक्रीका लागि ल्याउँछु, यही तरकारी विक्री गरेरै घर परिवार चलाएकी छु, तर स्थानीय सरकारले हाम्रो समस्या बुझ्दैन ।" कुरुंगखोलाकी जमुना बोहोराले व्यवस्थित हाटबजारको व्यवस्था नहुँदा आफु जस्ता व्यवसायीहरुले दु:ख पाउने गरेको बताइन् । उनले भनिन् "हामी जस्ता साना व्यवसायीलाई व्यवस्थित हाट बजारको व्यवस्था मिलाई दिने हो भने उपभोक्ताले अर्गानी स्थानीय उत्पादन उपभोग गर्न पाउने र हाम्रो परिवारको पनि गर्जो टर्ने थियो ।"

## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु:

-बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
-कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
-कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
-जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
-जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
-जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
-जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
-लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
-सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
-नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लुम्बिनीका छ जिल्लामा आज सार्वजनिक बिदा

**पाल्पा,** भदौ ७/लुम्बिनी प्रदेश सरकाले थारु समुदायले मनाउने बर्का अट्वारी पर्वका अवसरमा (आज) भदौ ८ गते आइतबार सार्वजनिक बिदा दिएको छ । थारु समुदायको अधिक बसोबास बढी भएका दाङ, बाँके, बर्दिया, कपिलवस्तु, रूपन्देही र पश्चिम नवलपरासीमा सार्वजनिक बिदा दिने निर्णय भएको सूचना आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सार्वजनिक गरेको छ । थारू समुदायमा महत्वका साथ मनाइने बर्का अट्वारी पर्व यस बर्ष आज परेको हो ।

यो पर्वमा थारू समुदायका पुरुषहरू निराहार व्रत बस्ने र सूर्यको पूजा गर्ने प्रचलन छ । थारू समुदायले सूर्यलाई उज्यालोको प्रतीकका रूपमा मान्दै आएका छन् । पौराणिक कथाअनुसार भीमको पूजा गरेर पनि अट्वारी पर्व मनाउने प्रचलन छ । कुशे औंसीपछिको पहिलो आइतबार यो पर्व मनाउने गरिन्छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले थारु समुदायले मनाउने बर्का अट्वारी एक विशेष धार्मिक र सांस्कृतिक पर्व भएको बताएका छन् । बर्का अट्रुवारी पर्वको अवसरमा शुभकामना व्यक्त गर्दै मुख्यमन्त्री आचार्यले यस पर्वले थारू समुदायको धर्म, संस्कृति, र परम्परालाई जोगाइराख्न महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । थारू समुदायमा बर्का अट्रुवारी पर्वको निकै महत्व रहेको छ । कुशे औंसीपछिको पहिलो आइतबार यो पर्व मनाउने गरिन्छ । आइतबार मनाइने हुँदा यो पर्वको नाम अट्रुवारी राखिएको मान्यता । आइतबारलाई रविबार पनि भनिन्छ । रवि अर्थात् सूर्य । सूर्य अग्निको प्रतीक पनि हो । प्रंकृति पूजक थारू समुदायले विशेषगरी सूर्यको उपासना, पूजाआजा गरी बर्का अट्वारी पर्व धुमधामका साथ मनाउने प्रचलन रहिआएको छ । यस पर्वले थारू समुदायको धर्म, संस्कृति, र परम्परालाई जोगाइराख्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ । लुम्बिनी प्रदेश सरकार प्रदेशभित्र बसोबास गर्ने सबै जाति, समुदायले मनाउने आ-आफ्नै मौलिक, धार्मिक, सांस्कृतिक परम्पराहरूको संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि प्रतिबद्ध रहेको जनाएको छ ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मोतीरामको योगदान

नेपाली साहित्य आकासका चम्किला नक्षेत्र, बहुमुखी प्रतिभाका धनी, मोतीराम भट्ट नेपाली साहित्यका निम्ति अद्वितीय व्यक्तित्व हुन् । वि.सं. १९२३ भाद्र २५ गते कुशेऔंसीका दिन काठमाडौंको भोसीको टोलमा पिता दयाराम भट्ट, माता रिपुमर्दिनीदेवी भट्टका सुपुत्रका रूपमा मोतीराम भट्टको जन्म भएको हो । कुशेऔँसीका दिन जन्मेका उनको १९५३ सालको कुशेऔंसीकै दिन ३० वर्षको अल्पायुमै निधन भएको थियो । मोतीराम देश, समाज र संस्कृतिको चित्रणलाई जस्ताको त्यस्तै उतार्न सफल अग्रज साहित्यकार हुन् । उनका रचना युगौँसम्म बाँचिरहनेछन् । उनी मरेर गए पनि उनले रचना गरेका कृतिहरूले अझै लाग्छ उनी जिउँदै छन् ।

युवाकवि भट्टले आफूले साहित्य रचना मात्र गरेनन्, आदिकवि भानुभक्तलाई चिनाउने काम पनि गरेका हुन् । उनको साहित्य रचना मात्र नभई पत्रकारितामा पनि योगदान रहेको छ । उनले नेपाली भाषाको पहिलो पत्रिका 'गोर्खा भारत जीवन' प्रकाशित गरेका थिए । तत्कालीन समयमा गरेको उनको योगदान नेपाली साहित्यमा अतुलनीय छ । जीवनमा थोरै बाँचेर देश र नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुऱ्याउने उनी नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा हुन् । साँच्चै भन्नुपर्दा उनी नेपालका एउटा कर्मवीर सपूत मात्र नभई उनको मेहनत, जाँगर र आराधनाका कारणले उनले एउटा युग नै स्थापित गरे जसलाई 'मोतीराम युग'ले अहिले पुकार्ने गरिन्छ । तिनै व्यक्तिको शनिबार जन्मजयन्ती देशभर विभिन्न साहित्यिक कार्यक्रम गरी मनाइएको छ ।

शृङ्गार रस र भक्ति रसमा रोचक गजल लेख्ने मोतीरामलाई नेपाली गजलका पिता मानिन्छ । अहिले युवा स्रष्टामा गजल विधा निकै लोकप्रिय छ । विशेषतः उनका कृतिहरुप्रतिको समर्पणले, नेपाली भाषाको फराकिलो दायरा र नेपालीपन उघोष गर्दछ । नेपाली साहित्यको श्रीवृद्धिमा मोतीरामको योगदान अनुकरणीय र प्रशंसनिय रहेको छ । तसर्थ उनको योगदानको सबैले अनुसरण गरी नेपाली साहित्यको विकासमा लाग्न जरुरी छ ।

### Opinion @ Social Network

सबैको आफ्नो भोगाइ हुन्छ
तस्बिर जस्तै सबैको तक्दिर राम्रो हुँदैन ।
*(प्रमिला गोलेको फेसबुक स्टाटसबाट www.facebook.com/Parmila.Gola)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तिज पर्व : हिजो र आज




तिज नेपाली महिलाहरुको महान चाड हो । धर्म ,परम्परा र साँस्कृतिक पक्षमा फरक महत्व राखेता पनि आजभोली यो पर्व महिला एकता,महिला सशक्तिकरण,महिला चेतनाको पर्वको रुपमा विकसित हुँदै गएको देखिन्छ । हिजो कुनै जाती, भाषा ,धर्म ,लिङ्ग र क्षेत्रमा मात्रै सिमित यो पर्व आज सबै नारीहरुबिच एकताको पर्वको रुपमा विस्तार हुँदै गएको देखिन्छ । हिजो महिलामा मात्रै सिमित यो पर्व आज महिला पुरुष दुवैमा उत्तीकै महत्व राखेको देखिन्छ । दिदी बहिनीहरुसँगको भेटको रुपमा लिईने यस पर्वको वैज्ञानिक सम्बन्ध रहेको देखिन्छ । आज भोली विश्वव्यापिकरण, सोसल मिडिया ,डिजिटल जमानाका कारण यो पर्व मनाउने तौर तरीकामा ठूलो भिन्नता देखिन्छ । यस पर्वको परम्परागत महत्व, यस पर्वको साँस्कृतिक, मौलिक र धार्मिक पक्ष तथा तिज पर्व हिजो र आज कुन अवस्थामा रहेको छ । यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**तिज पर्वको पृष्ठभूमि :** तिज सदियौंदेखि चल्दै आएको नेपालको मौलिक र जीवन्त संस्कृत्ति हो । यो हाम्रो वैदिक सनातन धार्मिक परम्परा पनि हो । स्कन्दपुराणमा उल्लेखित कथन अनुसार राजा हिमालयले आफ्नी छोरी पार्वतीको कन्यादान भगवान विष्णुसँग गरिदिने वचन दिएका थिए तर पार्वतीलाई विष्णु भगवानसँग विवाह गर्न मन नपरेपछि आफूले मन पराएको वर पाउन जङ्गलमा गएर शिवजीको कठोर तपस्या गरेको र उक्त तपस्याले एक सय वर्ष समय पार गर्दा पनि आफूले गरेको तपस्याको फल नपाएपछि एक दिन उनले बालुवाको शिव लिङ्ग स्थापना गरि निराहार व्रत बसिन् । यसरी पार्वती कठोर व्रत बसेको कारण कैलाश पर्वतमा रहेका शिव भगवान तपस्या स्थलमा प्रकट भै चिताएको कुरा पुराहोस् भनेर पार्वतीलाई आर्शिवाद दिएको र सोहि आर्शिवादकै कारण शिव पार्वतीको विवाह हुन् पुगेको किम्मदन्ती पाइन्छ । उक्त दिन भाद्र शुक्ल तृतीयाका दिन पर्ने र सोहि दिनको सम्झनामा हिन्दु नारीहरुले हरीतालीका तिज पर्वको रुपमा मनाउदै आएको धार्मिक कथन रहेको छ । यहि धार्मिक मान्यताका आधारमा तिजको अघिल्लो दिन शक्ति प्राप्तिका लागि मिठो र अडिलो परिकारका रुपमा दर खाने र अर्को दिन विवाहित महिलाले आफ्ना श्रीमानको दीर्घायु र सुस्वाथ्यको कामना गर्दै,अविवाहीत महिलाले राम्रो र सुयोग्य वर पाऊ भनी व्रत बस्ने चलन रहेको छ । यस पर्वमा विशेष गरेर भगवान शिवको आराधाना गर्नुका साथै, नाचगान र मिठो मसिनो खान, दु:ख सुखका गफ गर्नका लागि आफ्ना दिदि बहिनीलाई दाजु भाईले घरमा निम्त्याउने परम्परा समेत रहेको छ ।

*स्कन्दपुराणमा उल्लेखित कथन अनुसार राजा हिमालयले आफ्नी छोरी पार्वतीको कन्यादान भगवान विष्णुसँग गरिदिने वचन दिएका थिए तर पार्वतीलाई विष्णु भगवानसँग विवाह गर्न मन नपरेपछि आफूले मन पराएको वर पाउन जङ्गलमा गएर शिवजीको कठोर तपस्या गरेको र उक्त तपस्याले एक सय वर्ष समय पार गर्दा पनि आफूले गरेको तपस्याको फल नपाएपछि एक दिन उनले बालुवाको शिव लिङ्ग स्थापना गरि निराहार व्रत बसिन् । यहि धार्मिक मान्यताका आधारमा तिजको अघिल्लो दिन शक्ति प्राप्तिका लागि मिठो र अडिलो परिकारका रुपमा दर खाने र अर्को दिन विवाहित महिलाले आफ्ना श्रीमानको दीर्घायु र सुस्वाथ्यको कामना गर्दै,अविवाहीत महिलाले राम्रो र सुयोग्य वर पाऊ भनी व्रत बस्ने चलन रहेको छ । यस पर्वमा विशेष गरेर भगवान शिवको आराधाना गर्नुका साथै, नाचगान र मिठो मसिनो खान, दुःख सुखका गफ गर्नका लागि आफ्ना दिदि बहिनीलाई दाजु भाईले घरमा निम्त्याउने परम्परा समेत रहेको छ ।*

**तिज पर्व हिजो र आज :** पहिले पहिले सञ्चार, यातायात र शिक्षा चेतनाको अभावको कारण विवाह गरेर पठाएकी छोरी चेली आफ्नो घर व्यबहारमा नै केन्द्रीत हुने गर्दथे । बुहारी र सासु बिच फराकिलो सम्वन्ध हुने गर्दथ्यो । सासुहरु बुहारीका लागि तानशाहको रुपमा प्रस्तुत हुने गर्दथे । बुहारीलाई घरको काम देखाई माईत जान सहज तरीकाले दिइदैन्थ्यो । घरमै पुगेर अनुरोध गरेर भाका मागेर छोरी चेलीलाई माईत ल्याउनु पर्ने बाध्यात्मक अवस्था थियो । एक दुई छाक मिठो मसिनो खान र मनका पिडा पोख्ने पक्षमा मात्र यो केन्द्रीत थियो । विशेष गरेर पञ्चमीको अर्को दिन चेलिबेटीलाई घरमा फर्कन पर्ने समय अवधि तोकिन्थ्यो । बुहारीले आफुलाई परेको अप्ठ्यारो कतै व्यक्त गर्न र सुनाउने ठाउँ हुदैनथ्यो । तिज यस्तो पर्वको रुपमा थियो जुन बेला बुहारीले आफुलाई परेको पिर मर्का गीत मार्फत सुनाउने, बर्षौं नभेटिएका चेलीवेटीहरु भेट्ने दु:ख सु:खका कुरा गर्ने, मिठो मसिनो खाने अवसर प्रदान गर्दथ्यो । सो समयमा तिज पर्वको महत्व विशिष्ट देखिन्थ्यो तर समय परिवर्तन शिल छ । नदीमा पानी धेरै बगिसकेको छ । त्यो विगतको परिस्थीती कथा जस्तो बन्न गएको छ । समय महिलामैत्री बन्दै गएको छ, ऐन, नियम, कानुन सोहि अनुकुलको बन्न थालेको छ । मिठो खान, राम्रो लगाउन, आफ्ना कुरा राख्न, आफन्तसँग भेटघाट गर्न तिज पर्व नै कुर्नु पर्ने अवस्थाको अन्त्य भएको छ । दुर्गम ग्रामिण क्षेत्रहरुमा यसको मौलिकता कतै भेटिएता पनि शहर तिर भने यो पर्वमा आधुनिकता भित्री सकेको छ भने यसले तिज पर्वको गित, नाच ,दर, गरगहना कपडामा आदिमा परिवर्तन देखिएको छ । तिजको अघिल्लो दिन खाने दर दुई महिना अगाडि देखिनै होटल, रिसोर्ट र पाटी प्यालेसमा ठूलो रकम खर्च गरि खान थालिएको छ । दरमा मौलिकता हैन् आधुनिकता भित्रिएको छ । दरका नाममा मादक पदार्थ र विदेशी खाना खान थालिएको छ । तिजमा गाईने गितका शब्द र नाचमा आधुनिकता भित्रिएको छ । रहन सहन, भेषभुषा, गरगहनामा देखासिकी र प्रर्दशन प्रभाव परेको छ । दुख सुख साटासाट् गर्नुको सट्टा धाक धक्कु लगाउने र खर्चिलो बन्दै गएको देखिन्छ । यहि कारण तिज पर्वको परम्परा र मौलिकता जोगाई पुस्ता हस्तान्तरण गर्ने कुरामा समस्या सिर्जना भएको देखिन्छ ।

**तिज पर्व र यो वर्ष :** विगत केहि वर्षदेखि तिज पर्वलाई विकृत बनाउन र सस्तो लोकप्रियताका लागि गाईने कलाकारका गीतले यो बर्ष खासै चर्चा पाएको देखिएन् । आएका एक दुई वटा गीतलाई स्रोता र दर्शकले खासै महत्व दिएनन् । यो वर्ष धेरै कलाकारले मौलिकतालाई प्राथमिकतामा राखेर गीतहरु निकालेको देखिन्छ । बद्री पंगेनी ,पशुपति शर्माले यो वर्ष तीन वटा गीत सार्वजनिक गरे, रेश्म चौधरी, समिक्षा अधिकारी, अञ्जु गौतम, खेम सेन्चुरी सुनीता दुलाल, विष्णु माझीका गीतहरु लोकप्रीय भए गाँउ घरमा लगातार बझी रहे ।

तिज पर्वलाई प्राथमिकता दिएर गाउने विष्णु माझीको यो वर्षको गीत "म त नराउरी.........ले सबै भन्दा बढी चर्चा पायो । यो वर्ष होटल र रिसोर्टमा गएर तिज पर्व र दरको नाममा विदेशी खानामा रमाएको खासै देखिएन् । भड्कीलो, खर्चिलो र देखासिकी यो वर्ष खासै भित्रिएन । भेषभूषमा मौलिकता, धर्म संस्कृति, परम्परालाई प्राथमिकता राखि प्रयोग गरेको देखियो । विस्तारै हामी हाम्रा चाडपर्वहरु परम्परालाई आत्मसाथ गरेर मनाउन थालेका हौं की यो महशुस र अनुभूति गर्न पाएका छौं ।

**निष्कर्ष :** आधुनिकताका नाममा खर्चिलो र भड्किलो तिज पर्व होइन, मौलिक र परम्परागत तिज पर्वको अभ्यासको लागि महिला वर्ग नै लाग्नु पर्ने देखिन्छ । यस पर्वलाई गीत, नाच, दरमा केन्द्रीत नगरी महिला अधिकार, एकता, सशक्तीकरण यो पर्वको रुपमा रुपान्तरण गरिनु पर्दछ । तिज पर्वको मौलिकता र विशिष्ट पहिचानलाई जोगाई आलोचना र विकृतिबाट बचाई पुस्ता हस्तान्तरण गर्ने तर्फ केन्द्रीत हुनुपर्ने देखिन्छ । तिज गीत तिज गितकै रुपमा हुनुपर्दछ । होटल र रिसोर्टमा हैन् ,विदेशी खाना र मादक पदार्थ संग हैन् हाम्रै परम्परा र पूर्खाले सुरुवात गरे अनुसार हुनुपर्दछ। कथित आधुनिकताको नाममा तिजको पहिचान नै गुम्ने स्थिती आउनु हुँदैन् । तिज पर्व मात्रै नभएर यो हाम्रो अमूल्य धरोहर र पहिचान पनि हो । तिज पर्वमा हिजोलाई जोगाउ ,आजलाई हिजोमा परिणत गर्ने तर्फ लागौं । मितव्ययी बनौ । तिज पर्व २०८२ को अवसरमा सम्पूर्णमा शुभकामना ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तहरूबाट सहयोग पाइएला। शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। | **तुला** : दायित्व निर्माणमा सफलता पाइनेछ। आर्थिक पक्ष सबल रहनेछ। |
| **वृष** : अरुका लागि बुद्धि र समय खर्च गर्नुपर्ला। जग्गा जमिनबाट लाभ हुनेछ। | **वृश्चिक** : मेहनतले व्यक्तित्वमा निखार आउनेछ। नोकरी वा पेशामा प्रभाव बढ्नेछ। |
| **मिथुन** : परिश्रम अनुरुप सफलता मिल्नेछ। पेशामा नयाँ नयाँ जिम्मेवारी मिल्नेछ। | **धनु** : कार्यको जिम्मेवारी प्राप्त हुनेछ। इष्टमित्रहरूको सहयोग पाइएला। |
| **कर्कट** : कार्य समयमा सम्पादन नहोला। कार्यक्षेत्रमा शत्रुहरू सक्रिय रहनेछन्। | **मकर** : दाम्पत्य जीवन सुमधुर रहनेछ। व्यापारलाई लिएर यात्राका योग छन्। |
| **सिंह** : व्यक्तित्वमा निखार ल्याउने समय रहेको छ।व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। | **कुम्भ** : व्यापार व्यवसायमा लाभ र हनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **कन्या** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। स्वास्थ्यलाई लिएर वेवास्था नगर्नुहोस। | **मीन** : कार्यक्षेत्रमा कार्य दोहोराएर गर्नुपर्ला। उपयुक्त समयको प्रतिक्षा गर्नुहोस्। |

## कृषि

# सेवा निवृत्तिपछि ड्रागन खेतीमा रमाउँदै त्रिपाठी



साढे तीनदशक सरकारी जागिरमा समय विताएर सेवा निवृत्त भएका भित्रलाल त्रिपाठी यतिखेर ड्रागन फ्रुटखेतीमा लागेका छन् । सेवानिवृत्त जीवनलाई सक्रिय बनाउने दृढताका साथ उनि व्यवसायिक ड्रागन खेतीमा लागेका हुन् । सैंय सडक तथा सुपरिवेक्षण अनुगमन कार्यालयबाट सेवा निवृत्तिभरण भएका त्रिपाठीले पोखरा महानगरपालिका-२५ हेमजाको फुर्केटारीस्थित बर्षौंदेखि बाँझिएको भिरालो पाखोमा व्यवसायिक ड्रागन खेती गरेका छन् । जङ्गलको छेउमा अमेरिका, इण्डोनेसिया, थाइल्याण्ड, भियतनाम, मलेसिया, थाइल्याण्ड, ताइवान, भारतको तामेलनाडुलगायतका बिभिन्न देशबाट ल्याएका ९० भन्दाबढी प्रजाति ड्रागन फलका विरुवाले फलदिन थालेको उनिले बताए । पारिवारिक घुमफिरका लागि अमेरिकामा जाँदा ड्रागन फलको स्वाद पाएपछि फर्कंदा ल्याएको एउटा विरुवा गमलामा रोपेको बताउँदै उनले भने, “राम्रो उत्पादन दिएपछि आफ्नो वर्षौंदेखि बाँझिएको जग्गामा व्यवसायिक ड्रागन खेती सुरू गर्ने प्रेरणा श्रोत हो । ” समुन्द्री सतहदेखि ११०० मिटरको उचाइ, ३ देखि ३२ डिक्री तापक्रम, तीनदेखि चार हजारसम्म मिलिमिटर औषत वर्षा रहेको सो १० रोपनी जग्गामा लगाएका दुई हजार विरुवाले फल दिन थालेको फुर्केटारी एग्रो (ड्रागन फ्रुटस) फर्मका प्रोपाइटरसमेत रहनुभएका कृषक त्रिपाठी बताए । उनले भने “२०८० वैशाख १२ गते विधिवत रूपमा फुर्केटारी एग्रो(ड्रागन फ्रुटस)फर्म दर्ता गरेर सुरू गरेको व्यवसायिक ड्रागन खेतीले पहिलो वर्षबाटै उत्पादन दिन सुरू गरेको हो ।” यस वर्ष उत्पादन राम्रो भएको छ, आफूले खाएर, इष्टमित्रलाई चखाएर पनि दुई लाखभन्दा बढीको ड्रागन फल बिक्री गरेको उनिले बताए । उत्पादित फल फर्मबाटै प्रतिकेजी ५०० का दरले बिक्री हुने गरेको छ । खरिदका लागि ग्राहक फर्मै बताउन्छन् आफै टिप्नु हुन्छ र तौलेर लैजानले गरेको बताउँदै त्रिपाठी धन्छन्उत्पादित फल पोखरा बजार मुलुकका विभिन्न सहरलगायत अमेरिका र भारतमा समेत पठाएको उनिको भनाइ छ । उनिले फर्म सुरू गर्नुभन्दा पहिलो एक हजार छसय डलर तिरेर भियतनामको एक ड्रागन फर्ममा एक हप्ते तालिमसमेत लिएको अनुभव सुनाए । “उत्पादित फल बिक्री हुँदैनकी भन्नु पर्दै ड्रागनका पारखि फर्मै आउनु हुन्छ” उनले भने, बजारको मागअनुसारको फल पुऱ्याउन सकेको छैन । बढीमा एकै दिनमा ६० केजीसम्म उत्पादन हुने गरेको छ । ड्रागनले रोपेको पहिलो वर्षमा फल्ने र लगातार २० वर्षसम्म उत्पादन दिने गर्दछ । त्रिपाठीले भने, फर्ममा अहिलेसम्म ५० लाख खर्च भइसकेको छ भने कृषि ज्ञान केन्द्र कास्कीबाट आर्थिक वर्ष २०८१/ ०८२ मा चार लाख ७६ हजार ९८५ रुपैया बरावरको आर्थिक एवम् प्राविधिक सहयोग पाप्त भएको थियो । पक्कि पिल्लरमा फलामे ट्रष्ट लगाएर निर्माण गरिएको फर्ममा यतिखेर लटरम्म ड्रागन फलेको छ, हिंउदको समयमा पर्ने असिनाबाट वोट र फल जोगाउँका लागि उनिले जाली राख्ने फ्रेम समेत निर्माण गरेका छन् । फर्मभित्र केही महिनाअघि दुईवटा बाँदर पसेका थिए, घुमेर फर्किय वोटमा काँडा भएको कारण फल खाने आट गर्न सकेनन् । देशै भरी बाँदरको आतङ्कका कारण बाँझिएको जग्गामा यस्ता खेतीलाई जोड दिनु उपयुक्त हुने उनिको सुझाव रहेको छ । जग्गा बाँझो नराखौ भन्ने अभियानमा जटेका त्रिपाठीले ड्रागनको फल मात्र नभई विरुवासमेत बिक्री गर्दै आएका छन् । एउटा विरुवा रु २०० देखि एक हजारसम्ममा बिक्री गर्दै आएको रासससँग कुरा गर्दै उनिले थपे, फुर्केटारी ड्रागन फर्मका विरुवा नेपालको विभिन्न स्थानसहित भारतको दार्जलिङसम्म पुगेका छन् । विरुवा बिक्रीबाट पनि राम्रो आम्दानी हुँने गरेको छ । फर्ममा एउटा फलको तौल ४०० ग्रामदेखि एक किलो ३२ ग्रामसम्मको फलेको बताउँदै उनिले सरकारी सेवाबाट निभृत्तिभरण भई सकेपछिको समय अनावश्यक रूपमा खर्च गर्नुभन्दा कृषि कर्ममा लाग्दा अत्यन्त खुशी लागेको बताए । फर्ममा दैनिक दुइदेखि पाँच जनाले रोजगारीसमेत प्राप्त गरेका छन् । पोखरा-२५ का वडाअध्यक्ष मोतिलाल तिमिल्सिनाका अनुसार आलु गाउँले परिचित हेमजामा पछिल्लो समय कृषक ड्रागन खेतीतर्फ आकर्षित हुँदै गएको बताए । फुर्केटारी एग्रो फर्मले ड्रागन फल उत्पादनका साथै गुणस्तरलाई जोड दिँदै आएको कारण यो क्षेत्र पछिल्लो समय ड्रागनको रुपले परिचित हुँदै गएको उनिको भनाइ रहेको छ । पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले फुर्केटारी एग्रो फर्मको स्थलगत अध्ययन गरेको जनाउँदै मुलुकमा ड्रागन खेती विस्तार हुने क्रम बढेपनि पुर्केटारीमा उत्पादित फल स्वादिष्ट भएको बताए । बालबालिका र जेष्ठ नागरिकसमेतलाई खान रुचाउने नरम प्रकृतिको ड्रागन फलमा पानी, प्रोटिन, खरानी, चिल्लो पदार्थ, रेसा, क्यारोटिन, क्याल्सियम फोसफोरस, फलाम, भिटामिन वान, भिटामिन बिटु, भिटामिन बिथ्री, भिटामिन सी, थायमिन र नियसिनलगायतका तत्व पाइने कृषि विज्ञको धारणा छ ।

*-रासस*

# अलैँचीको भाउ सात वर्ष यताकै उच्च



‘खोल्साको सुन’ भनेर चिनिने पूर्वी पहाडको नगदे बाली अलैँचीले उत्पादनको सुरुआती‘सिजन’मा नै उच्च भाउ पाएको छ । अलैँचीको खरिद बिक्री हुने नेपालकै ठूलो बजार विर्तामोडमा आज प्रतिमन (४० केजी) रु ९४ हजारमा कारोबार भएको नेपाल अलैँची व्यवसायी महासैका कार्यकारी निर्देशक अनिल ढुङ्गानाले बताए । “यो निकै राम्रो भाउ हो,” उनले भने, “गत वर्ष अहिलेकै सिजनमा अलैँचीको कारोबार प्रतिमन रु ४० हजारसम्ममा भएको थियो ।” अलैँचीको यो भाउ विगत सात वर्षकै उच्च मानिएको छ । विसं २०७५ को अहिलेको सिजनमा अलैँचीको प्रतिमन मूल्य रु एक लाख पाँच हजारसम्म पुगेको थियो । सोही सालको मङ्सिरमा मूल्य अझ बढेर प्रतिमन रु एक लाख सात हजार पुगेको थियो । २०६७ सालमा प्रतिमन अलैँची रु एक लाख २० हजारसम्ममा कारोबार भएको थियो । त्यसभन्दा बढी मूल्यका अलैँचीको कारोबार कहिल्यै भएको छैन । भदौ-असोजतिर भाउ धेरै हुनु भनेको मङ्सिर-पुसतिर अझै बढ्न सक्ने सङ्केत भएको उहाँको भनाइ छ । अहिले बढेको भाउले अलैँची उत्पादन गर्दै आएका किसान प्रत्यक्ष लाभान्वित हुने भएका छन् । किसानले बेच्ने बेलामा अलैँचीको भाउ उच्च हुँदा किसान उत्साही भएका हुन् । किसानबाट यतिबेला किनेको अलैँची भण्डारण गरेर व्यापारीहरूले मङ्सिर-पुसतिर भाउ आकासिएपछि बेचेर धेरै मुनाफा कमाउने गरेका छन् । “एक मन अलैँची उत्पादन गर्न किसानले अधिकतम रु २० हजारसम्म लगानी गरेका हुन्छन्,” महासैका कार्यकारी निर्देशक ढुङ्गाना भन्छन्, “आफूले बेच्ने बेलामा भाउ धेरै पाएर किसान धेरै खुसी भएका छन् । यसपालि अलैँचीको भाउ अझै धेरै बढेर जाने सम्भावना देखिन्छ ।” नेपालका ४२ जिल्लामा अलैँचीखेती हुने गरे पनि कोशी प्रदेशका पाँचथर, ताप्लेजुङ, इलाम, सङखुवासभा, खोटाङ, भोजपुर र तेह्रथुम जिल्लामा धेरै उत्पादन हुने गरेको छ । कोशी प्रदेशमा सात हजार ५०० हेक्टरभन्दा बढी क्षेत्रफलमा अलैँची खेती हुँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा काँकडभिट्टा नाका भएर रु सात अर्ब ६७ करोडको अलैँची भारत निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ । नेपालमा उत्पादित अलैँचीको ९० प्रतिशत निर्यात हुने गरेको छ । नेपालबाट भारत पुगेको अलैँची त्यहाँबाट‘ब्रान्डिङ’ भएर विश्व बजारमा पुग्ने गरेको छ । विश्व बजारमा नेपाली अलैँचीले सोझो पहुँच पुऱ्याउन सकिरहेको छैन ।

*-रासस*

# लुम्बिनीमा डीएपी मल वितरणको नयाँ कोटा निर्धारण



लुम्बिनी प्रदेशमा कृषकलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउने व्यवस्था अन्तर्गत हाललाई प्राप्त भएको डीएपी मलको नयाँ कोटा निर्धारण गरिएको छ । प्रदेश सरकारले करिब ११ हजार ४४ मेट्रिक टन डीएपी मल वितरण गर्ने कोटा तोकेको हो । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गतको योजना तथा अनुगमन महाशाखाले सार्वजनिक गरेको विवरण अनुसार भदौ ५ गते बसेको प्रदेश मल वितरण व्यवस्थापन समितिको निर्णयले कृषि सामग्री कम्पनी लिमिटेडमार्फत ५ हजार ६ सय ९९.७ मेट्रिक टन र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत ५ हजार ३ सय ४५.०३ मेट्रिक टन मल वितरण गर्ने व्यवस्था मिलाएको छ । दुवै निकायले मलको परिमाण अनुसार वितरणका लागि कोटा निर्धारण गर्न अनुरोध सहितको पत्र मन्त्रालयमा पेश गरेका थिए । सोही आधारमा अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ अनुसार १०६ स्थानीय तहका लागि मल वितरणको कोटा परिमाण निर्धारण गरिएको हो । चालु आर्थिक बर्ष २०८२/०८३ को लागि लुम्बिनी प्रदेशलाई ४२ हजार ७ सय ४७.६ मेट्रिक टन अर्थात २१ दशमलव ११ प्रतिशत डीएपी मलको कोटा परिमाण तोकिएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा प्रदेशमा २८ हजार ५८.६९ मेट्रिक टन डीएपी मल वितरण गरिएको थियो । हाललाई प्राप्त भएको मल वितरणका लागि स्थानीय तहअनुसार कोटा निर्धारण गरिएको र डीएपी मल पुन: प्राप्त हुने कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका बाली संरक्षण निर्देशक घनश्याम चौधरीले जानकारी दिए । मन्त्रालयले वितरण प्रक्रिया पारदर्शी र व्यवस्थित बनाउन कृषि विकास निर्देशनालय रुपन्देही साथै कृषि ज्ञान केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयलाई समन्वय र अनुगमनको जिम्मा दिएको छ । वरिष्ठ कृषि प्रसार अधिकृत विनोद सुनारका अनुसार वितरण प्रणालीलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

*-अनलाइन खबर डटकम*

# बाँदरले स्याउ खान थालेपछि कृषकहरु चिन्तित



हिमाली जिल्ला मुगुमा बाँदरहरुले कृषकहरुका बगैचामा पसेर स्याउ खान थालेपछि कृषहरु हैरान र चिन्तित भएका छन् । पाकेर बजार पुऱ्याउने अवस्थामा पुगेका बगैँचाका स्याउहरु रातीमा बाँदरहरुले खाएर सिध्याइ दिन थालेपछी स्याउ कृषकहरु चिन्चित भएका हुन् । छायानाथ रारा नगरपालिका वडा न ५ मा रहेका दुलाल्या, मैतु र जुक्यामुल भन्ने स्थानमा रहेका स्याउ बगैचाहरुमा बाँदरहरु पसेर सकेको खाने र नसकेको झारेर सखाप पार्ने गरेको स्थानिय स्याउ कृषक हरि बहादुर रोकायाले जानकारी दिए । यी स्थान रारा राष्ट्रिय निकुन्जसङ्ग जोडिएकाले राती बादरहरु निकुन्जबाट बगैचामा पस्ने बिहानै फर्कने गर्दै आएका छन् । ‘दिउँस त हेराला बसेर बादर धपाउने गर्छौं तर राती कताबाट बगैचामा सुटुक्क पस्छन पत्तै हुदैन’, पीडित स्याउ कृषक दिन बहादुर बुढाले भने आफ्नो १०० बोट भन्दा बढिको स्याउ बगैँचा छ । वार्षिक स्याउ विक्रीबाट ४/५ लाख रुपया आम्दानी हुन्थ्यो, यहि आम्दानीले वर्षभरिको घरखर्च धान्थ्यो तर यो वर्ष सबै बाँदरले खाइदिए, घर खर्च कसरी जुटाउने चिन्तित छु ।’ बुढा मात्र होइन बाँदरले बगैचाका स्याउ खाइदिएपछि १ दर्जन बढी स्याउ कृषक अहिले चिन्तामा छन् । निकुन्जले गर्दा आफुहरुले क्षती व्यहोर्नु परेको र निकुन्जले आफुहरुलाई राहत दिनु पर्ने उनिहरुको भनाइ छ । ‘हामिले वर्षभरी मेहनत गर्ने अन्तिममा निकुन्जबाट बाँदरहरु आएर खाइदिने, हामी त बर्बाद भयौं । छोराछोरी घरपरिवार कसरी पाल्ने, घरखर्च कहाँबाट ल्याउने’, अर्का पीडित कृषक तोर्ची कामी पीडा सुनाउन्छन् । स्याउ कृषक हरि बहादुर रोकायाले दिएको जानकारीअनुसार बाँदरहरुले ७१० भन्दा बढी स्याउका बोटमा लागेका अन्दाजी ५६ हजार ८०० केजि स्याउ सखाप पारेका छन् । क्षेती पारेको स्याउको आजभोलीको होलसेल खरिद मूल्य मुल्याकन गर्दा २८ लाख ४० हजार बराबरको क्षेती भएको देखिन्छ । बाँदरहरुले छायानाथ रारा नगरपालिका वडा न ५ का कृषकहरु मुन कार्की, दिन बहादुर बुढा, बाच्या कार्की, धन बहादुर कार्की, सक्क बुढा, सिधा बुढा, कृष्ण रावल, सीता भाम, तोर्छे कामी, जंगवीर कामी र मणिचन्द्र कार्कीको स्याउ बगैचाका स्याउहरु खाएर सखाप पारेका छन ।

मध्यवर्ती क्षेत्र भित्र जनताले आफ्ना खेत गरावारिमा लगाएको अन्नवालीमा वन्यजन्तुहरुले खाइदिए वा क्षेती पारे क्षेतिपुर्ती दिने व्यवस्था भएकाले यदि स्याउ अन्नवाली भित्र पर्छ भने रित अनुसार पीडित कृषकहरुले निकुन्जको कार्यालयमा निवेदन दिए निकुन्ज कार्यालयले राहत स्वरुप तोकिएको मापदण्डमा रहि राहत दिने रारा राष्ट्रिय निकुन्ज कार्यालयका निमित्त वरिष्ठ संरक्षण अधिकृत महेश न्यौपाने बताए ।

*-इहिमालय टाइम्स डटकम*


# पाल्पामा नेपाली भूमिमाथिको हस्तक्षेपको विरोध



**पाल्पा,** भदौ ७/जिल्लाका ७ राजनीतिक दलहरुले नेपाली भूमि लिपुलेक, कालापानी र लिम्पियाधुरामाथि भारत र चीनको हस्तक्षेप भएको भन्दै विरोध गरेका छन् । भारत सरकारको १९ अगस्त २०२५ मा नेपाल-भारत सीमाको विषयमा सार्वजनिक विज्ञप्तिले नेपाली जनता र नेपालको सार्वभौमसत्तामाथि प्रत्यक्ष प्रहार भएको भन्दै यहाँका क्रियाशिल दलहरुले विरोध गरेका हुन् ।

नेकपा (माओवादी केन्द्र)का जिल्ला सचिव मथुरा ढकाल, राष्ट्रिय स्वतन्त्र पार्टी उपसभापति सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुल बहादुर कुवँर, नेकपा एकीकृत समाजवादीका अध्यक्ष अशोक कुमार शाही, राष्ट्रिय जनमोर्चाका अध्यक्ष बिशाल दर्लामी र राष्ट्रिय जनमूक्ति पार्टीका प्रतिनिधि होमबहादुर थापा र नेपाल कम्युनिष्ट पाटीको प्रतिनिधि सुकुमार सीले शुक्रबार संयुक्त विज्ञप्ति निकाल्दै भारत र चीनबीच नेपालको लिपुलेक क्षेत्रलाई व्यापारिक मार्ग बनाउने भनि गरिएको सहमति कुनै पनि हालतमा स्वीकार्य नहुने बताएका छन् । सन् १८१६ को सुगौली सन्धि र त्यस पछि नेपाल र इष्ट इण्डिया कम्पनीले प्रकाशित गरेका आधिकारीक नक्शामा लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको अविभाज्य भूमी हो, भन्ने तथ्य निर्विवाद रहेको दलहरुको ठम्याई छ । नेपालको सहमति विना भारत र चीन मिलेर व्यापारीक मार्ग खोल्ने निर्णय नेपालको भूमी माथि गरिएको कब्जा र नेपाल प्रतिको अपमान मात्र नभएर सार्वभौमसत्ता माथिको ठाडो हस्तक्षेप भएको भन्दै नेपालको भूमि फिर्ता ल्याउन सरकारको दरिलो कूटनीतिक पहल आवश्यक रहेको उनीहरुले बताएका छन् । "लिपुलेक, कालापानी र लिम्पियाधुरा केवल सिमाना मात्र नभई नेपाली जनताको पहिचान र आत्मसम्मानका प्रतिक भएकाले नेपालको सहमति बिना भारत र चीन सरकार व्यापारीक मार्ग खोल्न तयार भएको प्रति हाम्रो गम्भीर आपत्ति छ"विज्ञप्तिमा भनिएको छ "लिपुलेक, कालापानी र लिम्पियाधुरा हाम्रो माटो हो । कुनै शक्तिको दवाव वा सम्झौतामा हामी आफ्नो भूमि गुमाउँदैनौं । नेपाली जनता आफ्नो भूमि रक्षाको लागि अन्तिम श्वाससम्म प्रतिकार गर्न तयार छौं ।"

# एक महिने गुँला पर्व आजदेखि सम्पन्न हुँदै




**पाल्पा,** भदौ ७/नेवार समुदायका बौद्ध धर्मावलम्बीहरूले महिनाभर मनाउने गुँला पर्वको आज समापन हुँदै छ । चान्द्रमास अनुसार श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म एक महिनासम्म यो पर्व मनाउने गरिन्छ ।

विशेष गरी बौद्ध समुदायले मनाउने यो पर्वमा सांस्कृतिक बाजागाजाका साथमा बुद्ध भगवानको भजनकीर्तन गाएर मठमन्दिर, बौद्ध चैत्य परिक्रममा गरी मनाइएको छ । नेपाल भाषामा 'गुँ' को अर्थ नवौँ र 'ला' को अर्थ महिना हो । यसरी गुँलाको अर्थ नवौँ महिना भन्ने बुझिन्छ । गुँला समाप्तिका दिन हर्ष उमङ्गका साथ भोज खाने चलन छ । यस भोजलाई पारु भोज पनि भनिन्छ । 'गुँला' भन्नाले गुरुले वाचन गरेको बुद्धको ज्ञान पालन गरी धर्म गर्न र बुद्धधर्मको शील पालन गरी शीलमा बसिरहनु हो । नेवारी भाषामा 'गुँ' को अर्थ 'नौ' हो भने 'ला' को अर्थ 'महिना' भएकाले नेपाल संवत्को नवौँ महिनाको तिथिमा यो पर्व मनाउने गरिन्छ । गुँला कहिलेबाट सुरु भएको भन्ने यकिन नभए पनि भाषा वंशावलीअनुसार राजा विक्रमदेवले बौद्ध अनुयायीका लागि यो पर्व चलाएका थिए भन्ने उल्लेख छ । किंवदन्तीअनुसार मञ्जुश्रीले तालका रूपमा रहेको उपत्यकाको पानी बगाएपछि यहाँ बस्ती सुरु भएको हो । उनैबाट चैत्यसेवाको पनि प्रारम्भ भएको थियो र पछि यसले नै गुँलापर्वको रूपमा लिएको भनाइ रहेको पाइन्छ । पर्व भरी हरेक दिन बिहान बाजागाजाका साथ बौद्ध धर्मावलम्बी विशेष गरी शाक्य, बज्राचार्य, मानन्धर, कंसाकार र महर्जन समुदायका व्यक्तिहरु घुम्ने गर्दछन् । गुँलामा शृङ्गभेरी अर्थात् सिङ बाजा फुकाउने चलन राजा सिद्धिनरसिंह मल्लले सुरुवात गरेको परम्परा मानिन्छ । शृङ्गभेरी कथाअनुसार मृतकको नाममा स्वयम्भू महाचैत्यमा शृङ्गबाजा बजाई परिक्रमा गर्ने र पूजा गर्ने चलन छ । भगवान् बुद्धको जन्मस्थल लुम्बिनी कपिलवस्तुमा गुँला बाजा बजाउने चलन थियो । जुन गुँला बाजाको ताल सिद्धार्थ राजकुमारलाई निकै मन पर्दथ्यो भन्ने भनाइ छ । पछि शाक्य गणराज्यको पतन भएपछि शाक्य र कोलियाहरू काठमाडौँ उपत्यकामा आई बसोबास गरेपछि यहाँ पनि बहाबहीमा यही गुँला बाजा बजाउने परम्परा रह्यो । जुन चलन यद्यपि छँदैछ । गुँला पाल्पा, काठमाडौँका लगायतका नेवा: बस्तीहरुमा मनाउँदै आइरहेका छन् ।

## खेलकुद समाचार

# नेपाल पाकिस्तानसँग एक रनले हा-यो



**काठमाडौं,** भदौ ७/अस्ट्रेलियामा चलिरहेको टप इन्ड टी-२० शृङ्खलामा नेपाल पाकिस्तान शाहीन्ससँग एक रनले पराजित भएको छ । पाकिस्तान शाहीन्सले दिएको १ सय ४५ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ७ विकेट गुमाएर १ सय ४३ रनमात्र बनाउन सक्यो । नेपालका कप्तान रोहित पौडेलले ५२, दीपेन्द्रसिंह ऐरीले ४१ रन बनाए । पाकिस्तान शाहीन्सका मोहम्मद वसिम र फैसल अकरमले २/२ विकेट लिए । डार्विनमा टस जितेर ब्याटिङ गरेको पाकिस्तान शाहीन्सले २० ओभरमा ९ विकेट गुमाएर १ सय ४४ रन बनायो । पाकिस्तान शाहीन्सका इरफान खानले नटआउट ४२ रन बनाए । नेपालका सोमपाल कामीले ३, दीपेन्द्रसिंह ऐरी र नन्दन यादवले २/२ तथा कुशल भुर्तेलले १ विकेट लिए । यो सँगै नेपालले टप इन्ड टी-२० शृङ्खलामा ४ खेलमा हार र २ खेलमा जीत निकालेको छ । शृङ्खलामा शुरूका लगातार ३ खेलमा हारेको नेपालले चौथो र पाँचौं खेल जितेको थियो । नेपाल पहिलो खेलमा आयोजक टोली नर्दन टेरिटोरी स्ट्राइससँग, दोस्रो खेलमा बङ्गलादेश 'ए' सँग र तेस्रो खेलमा मेलबर्न स्टार्ससँग पराजित भएको थियो । यस्तै नेपालले चौथो खेलमा होबर्ट हरिकेन्स र पाँचौं खेलमा मेलबर्न रेनेगेड्सलाई हराएको थियो । अब नेपालले अस्ट्रेलियामै अभ्यास खेल पनि खेल्नेछ । आईसीसी टी-२० विश्वकप छनोटका तयारी स्वरूप नेपालले टप एन्ड टी-२० शृङ्खला र अभ्यास खेल खेल्न लागेको हो ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# साउनमा एक खर्ब ४३ अर्बको आयात, २३ अर्बको निर्यात



**काठमाडौँ,** भदौ ७/चालु आर्थिक वर्षको पहिलो महिनामा एक खर्ब ६६ अर्ब ९७ करोड ३१ लाख बराबरको वैदेशिक व्यापार भएको छ । भन्सार विभागका अनुसार गत महिना एक खर्ब ४३ अर्ब चार करोड बराबरको आयात र २३ अर्ब ९३ करोड २४ लाख बराबरको निर्यात भएको हो ।

यो अवधिमा देशलाई एक खर्ब १९ अर्ब १० करोड ८२ लाख बराबर व्यापार घाटा भएको छ । गत आर्थिक वर्षको पहिलो महिनाको वैदेशिक व्यापारको तुलनामा चालु आर्थिक वर्षको सोहि अवधिमा आयात ११ दशमलव ४२ र निर्यात ९५ दशमलव ७५ प्रतिशतले बढेको छ । साउनमा छिमेकी मुलुक भारतसँग ८३ अर्ब ५३ करोड ९९ लाख बराबरको आयात र १९ अर्ब ४५ करोड २० लाख बराबरको निर्यात हुँदा मुलुकले ६४ अर्ब आठ करोड ७८ लाख घाटा व्यहारेको छ । चीनसँग २७ अर्ब ९९ करोड ६० लाख बराबरको आयात र पाँच करोड ४८ लाखको निर्यात गर्दा २७ अर्ब ९४ करोड १२ लाख बराबर व्यापार घाटा भएको छ । जर्मनी, अफगानस्तान, संयुक्त राज्य अमेरिका, रुस, बेल्जियम, नर्वेलगायत मुलुकसँग समीक्षा अवधिमा व्यापार नाफा भएको छ । साउनमा सबैभन्दा बढी आयात पेट्रोलियम पदार्थको भएको छ । विभागका अनुसार पाँच अर्ब ७७ करोड १४ लाख बराबरको पेट्रोल, पाँच अर्ब ८८ करोड ७७ लाखको डिजेल र चार अर्ब ६६ करोड ६४ लाख बराबरको एलपी ग्यास आयात भएको छ । देशमा रु १० अर्ब ८० करोड ९५ लाख बराबरको कच्चा सोयाबिन तेल, तीन अर्ब ४१ करोड ९२ लाखको स्मार्टफोन, एक अर्ब ७४ करोड ४८ लाखको मोटरसाईकल, तीन अर्ब सात करोडको फलामजन्य वस्तु र एक अर्ब ५२ करोड ६३ लाख बराबरको सुन आयात भएको छ । मुलुकबाट निर्यात भएका वस्तुमा भटमासको तेल पहिलो स्थानमा छ । साउनमा १० अर्ब ६९ करोड ५८ करोड बराबरको भटमासको तेल निर्यात भएको हो । समीक्षा अवधिमा प्लाईउड, फलफुल जुस, धागो, गलैँचा, अलैँचीलगायत उत्पादन निर्यात भएका हुन् । *-रासस*

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई